बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए।

खुल्ने समय
बिहान ७ बजेदेखी
बेलुका ७ बजेसम्म

सम्पर्क तथा बिक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

कोभिड संक्रमणबाट सचेत रहौं

- कोरोना संक्रमणको जोखिम कायमै छ ।
- यसले कुनैपनि बेला महामारीको रूप लिन सक्दछ ।
- तत्काल कोरोना विरुद्धको खोप लिऔं ।
- जमघट तथा भीडभाडमा नजाऔं ।
- अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१४ ।। अङ्क : ०२९ ॥ २०७८ फागुन १६ गते सोमबार (28th Feb 2022 Tuesday) Pratidin National Daily dNo-?÷%÷-

# एमसीसी प्रतिनिधि सभाबाट अनुमोदन



**झापा (प्रस)।** अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेसन(एमसीसी)सँग भएको सम्झौतालाई प्रतिनिधि सभाले 'व्याख्यात्मक टिप्पणी'सहित अनुमोदन गरेको छ । सत्तारुढ गठबन्धनमा आबद्ध दलहरुको बहुमतले पारित गरेको हो । प्रतिनिधि सभामा प्रमुख प्रतिपक्षी एमालेको विरोधकै क्रममा एमसीसी अनुमोदन भएको हो ।

व्याख्यात्मक टिप्पणीमा एमसीसी इन्डो प्यासिफिक रणनीतिको अंग नभएको, त्यसलाई विशुद्ध आर्थिक तथा विकास परियोजनाको रुपमा मात्रै लिने, नेपालकै संविधान सर्वोपरि हुने लगायतका विषय छन् । एमसीसीसँगको सम्झौता अनुमोदन गर्ने विषयमा व्याख्यात्मक टिप्पणीसहित पारित गर्ने सहमतिले सत्तारुढ गठबन्धन टुट्नबाट जोगिएको छ । त्यसलाई कतिपयले पार्टीभित्रैबाट भैरहेको चर्को बिरोधबाट नेकपा माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल र नेकपा एकीकृत समाजवादी अध्यक्ष माधवकुमार नेपाल 'फेस सेभिङ' रुपमा रहेको व्याख्या गरेका छन् ।

व्याख्यात्मक टिप्पणीमा प्रमुख विषयहरु एमसीसी अनुमोदन गर्न नहुने पक्षले उठाउँदै आएको प्रमुख विषयहरुलाई सम्बोधन गर्ने कोसिस गरिएको छ । आइतबार बिहान बसेको सत्तारुढ गठबन्धनको बैठकले व्याख्यात्मक टिप्पणीसहित एमसीसी अनुमोदन गर्ने निर्णय गरेको थियो ।

# झापा गोल्डकपको खेल तालिका सार्वजनिक




**बिर्तामोड (प्रस)।** नेपाल आइस पाँचौं झापा गोल्डकपको खेल तालिका सार्वजनिक भएको छ। यही फागुन २१ गतेदेखि हुने प्रतियोगिताका लागि आयोजक झापा गोल्डकपले आइतबार खेल तालिका सार्वजनिक गरेको हो ।

आयोजकका अनुसार उद्घाटन खेल सातदोबाटो युथ क्लब र जावलाखेल युथ क्लबबीच हुनेछ । हालै सम्पन्न ए डिभिजन लिगमा सातदोबाटो चौथो स्थानमा र जावलाखेल नवौं स्थानमा रहेका थिए । त्यस्तै, दोस्रो खेल फागुन २२ गते नेपाल पुलिस क्लबविरुद्ध संकटा क्लबले खेल्नेछ । लिगमा पुलिस ११औं स्थान र संकटा सातौं स्थामा रहेका टिम हुन् ।

झापा गोल्डकपको तेस्रो खेल पहिलो खेलको विजेतासँग एपिएफ फुटबल क्लबले प्रतिस्पर्धा गर्नेछ । लिगमा एपिएफ आठौं स्थानमा रहेको टोली हो । चौथो खेल दोस्रो दिनको विजेतासँग श्री स्टार क्लबले खेल्नेछ। लिगमा श्री स्टार छैटौं स्थानमा रहेको थियो ।

प्रतियागिताअनुसार पाँचौं खेल त्रिभुवन आर्मी फुटबल क्लबका विरुद्ध भारत दार्जिलिङको एम एफसीले खेल्नेछ । लिगमा आर्मी दोस्रो स्थानको टोली हो । झापा गोल्डकपमा छैटौं खेल झापा ११ फुटबल क्लबले भारत सिक्किमको आरपी एफसीका विरुद्ध प्रतिस्पर्धा गर्नेछ ।

प्रतियोगिताको पहिलो सेमिफाइनल खेल फागुन २७ गते हुनेछ भने दोस्रो सेमिफाइनल खेल फागुन २८ गते हुनेछ । झापा गोल्डकपको

❖ बाँकी अन्तिम पृष्ठमा

ठाकुर पोलिक्लिनिकमा
विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा
डा. पिताम्बर ठाकुर
MBBS MD (TU) NMC 1914 Consultant Physician
समय: दैनिक बिहान ११–२ बजेसम्म, दिउँसो ४ बजेपछि
हाम्रा थप सेवाहरु :
डा. शंशाकराज कोइराला : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ
डा. यज्ञराज खरेल : वरिष्ठ हाडजोर्नी तथा नसा रोग विशेषज्ञ
यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ।
पश्चिम बस स्टेण्ड, बिर्तामोड–१, झापा, फोन :०२३–५९०००८, ९८१७९६४७७१






# झापाको मतदाता साढे ६ लाख

*भद्रपुर (प्रस)* । झापामा साढे छ लाख मतदाता पुगेका छन् । जिल्ला निर्वाचन कार्यालय झापाले तयार पारेको पछिल्लो तथ्यांक अनुसार झापामा ६ लाख ५० हजार २५८ जना मतदाता पुगेका हुन् ।



झापाको मेचीनगर नगरपालिकामा सबैभन्दा धेरै ९० हजार ८२६ मतदाता रहेका छन् भने सबैभन्दा कम गौरीगञ्ज गाउँपालिकामा २३ हजार ७४५ जना मतदाता रहेका छन् । जिल्लामा २८६ वटा मतदान स्थल रहने छ भने ७६० वटा मतदान केन्द्र रहने कार्यालयले जनाएको छ ।

जिल्लामा फागुन १९ देखि २३ गतेसम्म मतदाता नामावली अद्यावधिक हुने र सोका लागि १५ वटै पालिकाका १३१ वटा वडामा मतदाता नामावली टाँससँगै त्यसमा दाबी विरोध समेत हुने कार्यालयले जनाएको छ । मतदाता नामावली अद्यावधिकका लागि जिल्ला प्रशासन कार्यालय झापामा आइतवार सर्वदलीय अन्तरक्रिया समेत भएको छ । अन्तरक्रियामा मतदाता नामावली अद्यावधिकमा सबै दलले सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

# केरा खेतीको प्रवर्द्धनका लागि सवारी साधन

*सुरुङ्गा (प्रस)* । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत झापामा केरा खेती कृषकलाई ढुवानीका लागि सवारी साधन प्रदान गरिएको छ ।

झापा गाउँपालिका ३ रङ्गेथानको साधना सांस्कृतिक नमुना कृषक समूहलाई केरा खेतीको प्रवर्द्धनका लागि ८५ प्रतिशत अनुदानमा पिकअफ भ्यान प्रदान गरिएको हो । २३ लाख ६० हजार रुपैयाँको उक्त पिकअफ भ्यान प्रदेश सरकारका कृषि मन्त्री झलकसिंह दर्लामीले शनिवार प्रदान गरे । उक्त क्षेत्रमा हाल १०५ हेक्टर जमिनमा चन्द्र बस्नेतसहित १४ जना कृषकहरुले



सामूहिक केरा खेती गरिरहेका छन ।

कृषकको आफ्नो ढुवानी साधन नहुँदा आफ्नो उत्पादन बिक्रीका लागि विचौलियाहरुको भर पर्नुपरेको कृषक बस्नेतले बताए । बस्नेत केरा खेतीका लागि इजरायलमा साना किसान कृषि सहकारीमार्फत तालिम लिइ हाल सामूहिक केरा खेती गर्दै आएका छन् । अब कम्तीमा आफ्नो उत्पादन नेपालभर पुर्‍याउन मद्धत मिलेको कृषक बस्नेतले बताए ।

कार्यक्रममा बोल्दै कृषि मन्त्री मगरले कृषिमार्फत देशलाई आत्मनिर्भर बनाउन सरकार लागिपरेको बताए । कार्यक्रममा झापा गाउँपालिकाका प्रमुख जयनारायण शाहले झापा गाउँपालिका केरा र मकै खेतीका लागि देशकै नमुना भएपनि कृषकले उचित मूल्य नपाउँदा समस्या भएको बताए ।

कार्यक्रममा कृषि ज्ञान केन्द्र झापाका प्रमुख निलकमल सिंहले कृषि पेशालाई पूर्ण व्यावसायिक बनाउन सरकार लागिपरेको बताए । सोही अवसरमा कृषकलाई कृषि सामग्री समेत प्रदान गरिएको थियो । कार्यक्रम अगुवा कृषक गोपाल प्रसाईले संचालन गरेका थिए ।

**झापा...**

फाइनल खेल फागुन ३० गते सोमबार हुनेछ । बिर्तामोडको डोमालाल राजवंशी रंगशालामा हुने खेलका लागि करिब १० हजार दर्शक बस्न सक्नेगरी बाँसको प्यारापिट पनि निर्माण कार्य पनि अन्तिम चरणमा पुगेको छ ।

पाँचौं संस्करणको झापा गोल्डकपको विजेताले नगद १२ लाख ५५ हजार र उपविजेताले नगद छ लाख पाँच हजार रुपैयाँ प्राप्त गर्नेछ । गोल्डकप सम्पन्न गर्न एक करोड ४० लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ ।

प्रतियोगिताको मस्ट भ्यालुएवल प्लेयरलाई एक थान मोटरसाइकल, उत्कृष्ट गोलकिप्पर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट प्रशिक्षकलाई नगद २१ हजार र उच्च गोलकर्तालाई नगद २५ हजार प्रदान गरिनेछ । प्रत्येक खेलको म्यान अफ द म्याचलाई नगद ९ हजार ९९९ रुपैयाँ दिइनेछ ।


## सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटर जस्ता विद्युतीय उपकरण प्रयोग गरिसकेपछि सधै लगआउट गरौ ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरीचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा वोलाएको ठाउँमा भेट्न नजाऔं ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा पोष्ट वा शेयर नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारीता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौ ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौ र रेकर्डको लागि सुरक्षित राखौं ।

सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसवाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# झापा गाउँपालिकाको प्रशासनिक भवनको उद्घाटन

*कुमरखोद (प्रस)* । झापा गाउँपालिकाको प्रशासनिक भवन उद्घाटन भएको छ । आइतवार एक समारोहकावीच झापा गाउँपालिका अध्यक्ष जयनारायण शाहले भवनको उद्घाटन गरेका हुन् ।

झापा गाउँपालिका वडा नं. ३ कामाटोली बजारनजिकै बनेको गाउँपालिकाको भवनका लागि चारजनाले १७ कठ्ठा जग्गा दान दिएका थिए । नगेन्द्रप्रसाद राजवंशीले १० कठ्ठा ५ धुर , हरिप्रसाद राजवंशीले १ कठ्ठा ५ धुर , निताई राजवशीले ४ कठ्ठा र चित्रवहादुर श्रेष्ठले १ कठ्ठा गरी जम्मा १७ कठ्ठा जग्गा गाउँपालिकालाई दान दिएका हुन् । उक्त जग्गाको बजार मूल्य अहिले करोडौं रुपैयाँ रहेको छ । झापा गाउँपालिकाले उक्त भवन बनाउनका लागि १ करोड




५६ लाख ८४ हजार ७ सय ९ रुपैयाँमा एल.पी.एल.सिद्धकाली जेवी भद्रपुरलाई ठेक्का दिएको थियो । पालिकाको भवन ७५५८ वर्गमिटरमा फैलिएको एकतले भवन १६ कोठाको रहेको छ । एल.पी.एल. सिद्धकाली जेवी भद्रपुरले गाउँपालिकाको भवन २०७८ साल असार ९ गते सम्झौता गरी २०७९ साल असार ९ गते कार्य सम्पन्न गर्ने म्याद रहेता पनि ठेकेदार कम्पनीले २०७८ साल माघ मसान्तभित्रमा काम सम्पन्न गरी पालिकालाई हस्तान्तरण गरेको थियो । सो भवन पालिकाले आफ्नै आन्तरिक कोषबाट बनाएको हो । पालिकाले भाडाको घरमा बसेर कार्यालय संचालन गरेको थियो । वडा न ३ अध्यक्ष मोतीलाल गणेशको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि झापा गाउँपालिका अध्यक्ष जयनारायण शाह रहेका थिए भने कार्यक्रममा विशिष्ट अतिथि गाउँपालिका उपाध्यक्ष कुन्तीदेवी वुढाथोकी , प्रमुख प्रशासकीय अधिकृत खेमराज थापा , वडा अध्यक्षहरु नेत्र उप्रेती , नेत्रबहादुर खड्का , प्रभुनारायण यादव , एमाले अध्यक्ष गजेन्द्र ताम्ली , माओवादी केन्द्रका अध्यक्ष रुद्र बजगाई , नेपाली काँग्रेस सभापति सागीरथ प्रसाद गणेशलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु , संघसंस्थाका प्रतिनिधि, स्थानीय सुरुक्षा निकायका प्रमुख , निर्वाचित जनप्रतिनिधी र स्थानीयको उल्लेखनीय उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन मोहन पोखेलले गरेका थिए भने स्वागत मन्तव्य प्रमुख प्रशासकीय अधिकृत खेमराज थापाले गरेका थिए ।


## सूचना सूचना सूचना

## बेरोजगार व्यक्तिहरुलाई १०० दिनको रोजगार कार्यक्रममा सूचिकरण हुन आवेदन दिने सूचना ।

यस बिर्तामोड नगरपालिकाभित्र स्थायी बसोबास गर्ने एवम् अन्यत्रबाट बसाइसराई गराई बिर्तामोड नगरपालिकामा बसोबास गर्दै आएका १८ देखि ५९ वर्षसम्मका बेरोजगार नेपाली नागरिकले आफू बसोबास गरेको स्थानमा रहेको वडा कार्यालय वा बिर्तामोड नगरपालिकामा गई फारम भर्न अनुरोध गरिन्छ । आव ७९/८० मा संचालन हुने आयोजनाहरुमा छनोट भएका बेरोजगार व्यक्तिहरुलाई १०० दिनको रोजगारी प्रदान गरिने भएकाले समयमै फारम भर्न अनुरोध गरिन्छ ।

**फारम भर्ने अन्तिम मिति**: २०७८/११/३० गते

**फारम भर्दा आवश्यक कागजातहरू**: आफ्नो एवम् परिवारका सदस्यहरुको नागरिकता/नाबालकको हकमा जन्मदर्ता

**फारम पाउने र भर्ने स्थान**: वडा कार्यालय वा रोजगार सेवाकेन्द्र बिर्तामोड न.पा.

नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम

यही मिति २०७८ फागुन ५ गतेदेखि बिर्तामोड नगरपालिका क्षेत्रभित्र सञ्चालन हुन गइरहेको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा खटी आउनु हुने कर्मचारीहरूलाई तपाईंहरूको घर–आँगनमा आएको समयमा सत्यतथ्य विवरण प्रदान गरी सहयोग गरिदिनुहुन नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

## कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड ४ , झापा

## कर्जा चुक्ता गर्ने बारेको अत्यन्त जरूरी सुचना

प्रकाशित मिति-२०७८/११/१६

यस संस्थाको बिभिन्न सेवाकेन्द्रहरुमा तपशिलमा उल्लेखित ऋणीहरुले समूह तथा धितो लगानीमा व्यवसायिक कर्जा शीर्षक अन्तर्गत यस संस्थाबाट लिएको ऋणको साँवा, ब्याज र हर्जना लगायत अन्य रकम समेत यस संस्थासँगको शर्त र तोकिएको भुक्तानी तालिका बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएकोले पटक-पटक लिखित तथा मौखिक तर-तागेता गर्दा एवम् प्रत्यक्ष भेटघाट तथा सम्पर्क गरी ऋण चुक्ता गर्न अनुरोध गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गरी हालसम्म पनि ऋणको साँवा,ब्याज तथा हर्जना नबुझाएको हुँदा यो ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको ३५ (पैतिस) दिन भित्रमा संस्थामा सम्पर्क गरी संस्थालाई बुझाउनुपर्ने साँवा रकम र सो भन्दा अघिल्लो दिनसम्मको लाग्ने ब्याज र हर्जना समेत सम्पूर्ण रकम चुक्ता गर्न गराउनुहुन तपाई ऋणी सदस्य तथा साक्षी/जमानीकर्ता लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ ।अन्यथा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरी यस संस्थासंग गरेको लिखत/तमसुक बमोजिम ऋणी तथा ऋणीको एका संगोलमा रहेका सदस्यहरुको स्थानीयस्तरबाट पाईने सेवा सुबिधाबाट बञ्चित गराउनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने, ऋणी तथा जमानीकर्ताको तिन पुस्ते विवरण सहकारी कर्जा सूचना केन्द्रको कालो सूची सम्बन्धी निर्देशा बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा नाम समावेश गर्ने जस्ता कारवाही गरी लेना रकम असुल गरिने व्यहोरा यसै सूचनाद्वारा जनकारी गराईन्छ।

| क्र. सं. | ऋणीको नाम | ठेगाना | ना.प्र.नं. | ऋण लिएको मिति | जग्गाधनीको बिवरण | धितो रहेको जग्गाको ठेगाना | कि.नं. | क्षेत्रफल | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ऋणी-कुमारी मगर बाबु-कुलबहादुर मगर पति-स्वर्णध्वज लिम्बु | भद्रपुर न.पा.-३ | ५७८१३३१४ झापा | १४-०८-२०७५ | ज.ध-जनमाया मगर पति-कुलबहादुर पिता-बोलबहादुर मगर | पृथ्वीनगर-५ | ९८६ ९३२ | २४०.९३ २७०.७८ घर समेत | भद्रपुर |
| २ | ऋणी-हरिकुमार दियाली बाबु-चन्द्रबहादुर विश्वकर्मा बाजे-मानविर विश्वकर्मा | विर्तामोड-६ | ४०२२/२७४/८९८ धनकुटा | १८-११-२०७७ | ज.ध-हरिकुमार दियाली बाबु-चन्द्रबहादुर विश्वकर्मा बाजे-मानविर विश्वकर्मा | राजगढ-९ अनारमनी-१ | ८९७१ ३११ | १३९६.८५ २२०.०० | विर्तामोड |

कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड ४ , झापा

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

## हरि ओम UPVC उद्योग







बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोन: ०२३-५४२४६१
हाम्रा सेवाहरू: यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रूफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरू निर्माण गरिन्छ।

नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### एमसीसीको अनुमोदन

**अमेरिकी अनुदान सहायतासम्बन्धी सम्झौता अनुमोदन भएको छ। अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अन्तर्गत नेपालले पाउन लागेको अनुदान सहायतासम्बन्धी सम्झौता अनुमोदन गर्ने वा नगर्ने निर्णय सोमवारसम्म गरिसक्न अमेरिकाले म्याद दिएको थियो।**

**सत्तारूढ गठबन्धनका दलहरूबीच मतभेद भएकाले एमसीसीको विषयमा सडकमै विवाद छताछुल्ल भएको थियो। विशेषगरी नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी)का नेता तथा कार्यकर्ता एमसीसी सम्झौता राष्ट्रघाती भन्दै सडकमा उत्रेका थिए। गठबन्धनका नेता प्रधानमन्त्री शेरबहादुर देउवा र उनको दल नेपाली कांग्रेस भने एमसीसी सम्झौता संसद्बाट पारित गराउने पक्षमा दृढ देखिएका थिए। यही कारणले गठबन्धन टुट्नसमेत सक्ने जोखिम देखिएपछि गठबन्धनका नेताहरूको बैठकले आइतवार 'व्याख्यात्मक टिप्पणी'सहित संसद्बाट सम्झौता अनुमोदन गर्ने निर्णय गरेको हो। तत्कालीन नेकपा (नेकपा)कै सरकार रहेका बेला एमसीसी सम्झौता प्रतिनिधि सभामा प्रस्तुत गरिएको थियो। तर, माओवादी सभामुख एमसीसी अगाडि बढाउन तत्पर नभएपछि अनुदानको भविष्यसँगै नेपाल अमेरिका सम्बन्धसमेत जोखिममा परेको हो।**

**सत्तारूढ गठबन्धनभित्रका नेताहरू नै एमसीसीको बहानामा अमेरिकाविरुद्ध विष वमन उत्रेपछि अमेरिकी अधिकारीहरूका मनमा पनि चिसो पसेको हुनुपर्छ। चीनको इसारामा एमसीसीको विरोध गरिएको सन्देह लगातार चिनियाँ पक्षबाट भएको अनावश्यक टिप्पणीले पुष्टि भएको थियो।**

**सडकमा एमसीसीका विरुद्ध कम्युनिस्ट तथा राजावादीहरूको प्रदर्शनमा उग्र र अराजक भिड देखिएपछि केही राजनीतिक दलका नेता र तिनका कृपापात्र पूर्व प्रशासक तथा पेसेवारहरू झन् उग्ररूपमा प्रस्तुत भएका थिए। राजनीतिक नेतृत्वले सत्ता जोगाउन सम्झौता गरेपछि सम्भवतः एमसीसीविरुद्ध उग्ररूपमा प्रस्तुत भएकाहरू हावा फुस्केको बेलुन बन्नेछन्।**

**एमसीसी प्रकरणमा नेपालका राजनीतिक दलका नेताहरू विशेषगरी कम्युनिस्टहरूको गैरजिम्मेवार चरित्र र सत्तालोलुपता पुनः प्रकट भएको छ। यसैगरी नेपाली समाजमा परिपक्व तथा सौम्य कूटनीतिका निमित्त विख्यात चिनियाँ पक्षको पनि आक्रामक स्वरुप र चरित्र उजागर भएको छ।प्रतिनिधि सभाले प्रमुख विपक्षी नेकपा (एमाले) को विरोधकै बीचमा एमसीसी सम्झौता पारित गरेको छ।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# संसद्बाटै एमसीसी छिनोफानो



• तीर्थ भट्टराई

धेरै आशंका र विवादलाई चिर्दै अन्ततः प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले अमेरिकी सहायता परियोजनाको अनुदान प्राप्त गर्नेसम्बन्धी एमसीसी सम्झौतालाई प्रतिनिधि सभामा टेबुल गरेको छ। धेरै लामो विवादपछि सरकार सम्झौता टेबुल गर्ने अवस्थामा पुग्नु नै पनि सरकारको ठूलो उपलब्धि मान्न सकिन्छ। दुई पटक संसद् विघटन गरेको भनेर लाञ्छित नेकपाको केपी शर्मा ओली नेतृत्वको सरकार सर्वोच्च अदालतको आदेशबाट ढलेपछि बनेको देउवा नेतृत्वको गठबन्धन सरकार केही समय सहजताका साथ अघि बढ्दै गरे पनि पछिल्ला दिनहरूमा एकपछि अर्को गर्दै विभिन्न समस्यामा परेको थियो। खासगरी न्याय क्षेत्रमा विकृतिलाई प्रोत्साहन दिएको भन्दै प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध नेपाल बार एसोसिएसन मात्र होइन, सर्वोच्च अदालतका न्यायाधीशसमेत उत्रेको अवस्थामा प्रधानन्यायाधीशले राजीनामा दिन अस्वीकार गरेपछि न्याय क्षेत्र तहसनहस भएको थियो। उहाँले राजीनामा नदिन लिएको अडानका कारण अदालतको न्यायिक प्रक्रिया धेरै लामो समयसम्म प्रभावित हुने र जनताले न्याय नपाउने अवस्था देखिएपछि र अन्य दृश्य-अदृश्य कारणले गर्दा सरकार प्रधानन्यायाधीशविरुद्ध महाभियोग लगाउने निर्णयमा पुगेको थियो।

अर्कोतर्फ जनताका प्रतिनिधिहरूको संस्था प्रतिनिधि सभा प्रमुख विपक्षी दल नेकपा (एमाले)कै कारण अवरुद्ध थियो र प्रतिनिधि सभाले सहजताका साथ काम गर्न सकेको थिएन, यद्यपि सरकारका गाँठो फुकाउने धेरै काम भने विरोधका बीच पनि हुँदै आएको थियो। धेरै समयसम्म त सरकार स्थानीय तहको निर्वाचन कहिले गर्ने भनेर नै रुमल्लिरह्यो। विपक्षी दलसँग विवाद हुनु त स्वाभाविक नै थियो तर आफ्नो गठबन्धनकै घटकसँग पनि यसबारेमा विवादमा फस्नु र अझ निर्वाचन आयोगसँग पनि यस विषयमा फरक दृष्टिकोण सार्वजनिक हुनु चिन्ताको विषय भएको थियो।

तर व्यापक जनदबाबबीच सरकार जेठ ५ गतेको सीमा ननाघ्न बाध्य भयो र निर्वाचन आयोगकै परामर्शमा २०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचन गर्न सहमत भई घोषणा भयो। यसको व्यापक रूपमा स्वागत भयो। सरकारको धेरैले प्रशंसा नै गरे। गठबन्धनका सबै घटक प्रधानन्यायाधीशलाई हटाउने कुरामा सहमत भए तर यसका लागि प्रमुख विपक्षी दल नेकपा (एमाले)को सहयोग अपरिहार्य थियो। सरकारले किन एमालेसँग सहमति नलिई पारित हुन दुईतिहाइ चाहिने महाभियोग प्रस्ताव ल्यायो होला, यो रहस्यमय छ तर यसबाट प्रधानन्यायाधीशलाई निलम्बित गरी उहाँलाई काम गर्नबाट रोक्न सकिन्थ्यो भने नेपाल बार एसोसिएसनले चाहेकै व्यक्तिलाई कामु प्रधानन्यायाधीश बनाउन सकिन्थ्यो।

सरकारका लागि यो फाइदाको कुरा थियो भने यही सर्तमा नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) एमसीसी पारित गर्न सहमत भएका थिए। यसमा काँग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) तीनै दल तथा अन्य घटकको स्वार्थ मिलेको थियो तर संसदमा प्रधानन्यायाधीशविरुद्ध महाभियोग प्रस्ताव ल्याइसकेपछि भने नेकपा (माओवादी केन्द्र) र नेकपा (एस) एमसीसी पारित गर्ने कुरामा भने आनाकानी गर्न थाले। यसअघि नै साना बाम दलले एमसीसीको विरोध गर्दै आएका थिए भने नेकपा (माओवादी केन्द्र) र नेकपा (एस)का कार्यकर्ता पंक्ति पनि एमसीसीको विरोधमा नै आकर्षित हुन थाले। खासगरी नेकपा एसका नेता झलनाथ खनालको चर्को विरोधका कारण एमसीसीले नेकपा एसमा समर्थन पाउने सम्भावना थिएन।

यसबाट नेकपा (माओवादी केन्द्र)का नेता पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि एमसीसीको समर्थन गर्ने आँट गर्न सक्नुभएन, भलै उहाँले अमेरिकासँग एमसीसी पारित गर्ने प्रतिबद्धता गर्दै प्रधानमन्त्रीसँगै संयुक्त रूपमा समय माग गर्नुभएको थियो तर उहाँले यसलाई सहमति कायम गर्न समय माग गरेको तर प्रतिबद्धता नजनाएको भन्न थाल्नुभयो।

यसबाट सशंकित हुनुभएका प्रधानमन्त्री देउवाले एमसीसी पारित गर्न नेकपा (एमाले) को सहयोग लिने रणनीति बनाउनुभएको पछिल्लो राजनीतिक घटनाक्रमबाट पुष्टि हुन्छ। राजनीतिक घटनाक्रमले काँग्रेस र एमाले नजिक भएपछि प्रचण्ड र माधवकुमार नेपाल भस्कन पुग्नुभएको छ। यस गतिविधिबाट गठबन्धन टुट्नेसम्मका चर्चा चल्न थाले। तैपनि नेता प्रचण्ड र नेपालले भरसक गठबन्धन नटुटाउने बरु एमसीसीलाई चुनावपछिसम्म धकेल्ने प्रयासमा लाग्नुभएको छ तर देउवाको अडानका कारण यो संसद्बाटै पारित हुने अवस्थामा आएको विश्लेषण गर्न थालिएको छ। यसमा देउवाले बढो परिपक्व भूमिका निर्वाह गर्नुभएको प्रतीत हुन्छ। निकै सकसपूर्ण तरिकाले संसदमा पुगेको एमसीसी असफल हुनु हुँदैन भन्नेमा काँग्रेस स्पष्ट छ।

काँग्रेस र प्रधानमन्त्री देउवाका लागि यो यस्तो समय थियो कि आफ्नै पालामा हस्ताक्षर गरेको लगभग ६० अर्ब रुपियाँको अनुदानसम्बन्धी एमसीसी सम्झौता पारित नभएर फिर्ता जानु भनेको अमेरिकासँगको सम्बन्ध चिसिनु हो। अन्तर्राष्ट्रिय जगत्मा नेपालको कूटनीतिक विश्वसनीयता गुम्न सक्ने र नेपालले एमसीसी सम्झौताबाट पाउने अत्यावश्यक प्रसारण लाइन निर्माण, विभिन्न सडक सम्भार सुधार, रोजगारी सिर्जना तथा विद्युत् व्यापारबाट बृहत्तर लाभलगायतका कुरा गुमाउनुपर्ने हुन सक्थ्यो। यो देशका लागि निकै ठूलो घाटाको विषय थियो भने अमेरिकाबाट यो फिर्तापश्चात् अन्य सहयोग प्राप्त हुने कुरामा निकै ठूलो आशङ्का जन्मिन सक्थ्यो। यो अवस्था सिर्जना हुनु नेपाली काँग्रेसका लागि हितकर थिएन। यस्तो अवस्थामा सभामुख अग्निप्रसाद सापकोटाले पनि एमसीसी सम्झौता संसदमा टेबुल गर्न नदिने चर्चा चलिरहेको बेला काँग्रेस र सभामुखको सम्बन्ध पनि बिग्रन सक्ने अवस्था थियो। यस परि दृश्यमा सभामुखले आफू अम्पायर मात्र भएको दल नै निर्णायक हुने बताउनुभएको छ। यो अवस्थामा एमसीसी सम्झौता टेबुल गर्नु नै पनि सरकारको ठूलो उपलब्धि मानिएको हो। अब सम्झौता संसद्को कोर्टमा गएको छ। अब संसद्ले जे चाहन्छ त्यही हुन्छ र यसले राष्ट्रहितमा नै निर्णय गर्नेछ भन्ने विश्वास गर्न सकिन्छ।

तर संसद्मा राजनीतिक दलहरूकै प्रतिनिधित्व भएको हुनाले कुन दलले के निर्णय गर्छन् भन्ने कुरा महत्वपूर्ण हुने नै भयो। नेपाली काँग्रेस यस सम्झौतालाई पारित गर्न चाहन्छ तर सरकारका अन्य दुई प्रमुख घटक नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) यसलाई अहिले पारित गर्न चाहँदैनन्। अहिलेसम्म यी दलको राजनीतिक अडान यही नै हो। अन्य घटकमा जसपा स्पष्ट नभएको र राष्ट्रिय जनमोर्चाको मत निर्णायक नहुने भएकाले एमसीसी पारित गर्नका लागि प्रधानमन्त्री देउवाले प्रमुख विपक्षी दल नेकपा (एमाले)कै सहयोग लिनुपर्ने हुन्छ। के सरकारले नेकपा (एमाले)को सहयोग पाउँछ त भन्ने कुरा यहाँ महत्वपूर्ण हुन सक्छ। एमालेले यो सम्झौता पारित गर्न आफू सरकारमा हुँदा नै संसदमा दर्ता गरेको थियो तर सो सम्झौता सभामुख सापकोटाले टेबुल हुनबाट रोक्नु भयो तर अहिले माओवादी केन्द्र पनि टेबुल गर्न दिने अवस्थामा पुगेपछि भने उहाँले पनि रोक्नुभएन। त्यसैले पहिले आफूले नै टेबुल गर्न चाहेको सम्झौता पारित गर्न एमालेले सहयोग गर्न सक्छ तर सहयोग लिने कसरी प्रधानमन्त्री शेरबहादुर देउवामा भर पर्ने देखिन्छ। एमालेले लामो समयदेखि संसद् अवरोध गरिरहेको छ। संसद्मा नेकपा (एकीकृत समाजवादी)का सांसद रहेसम्म उसले अवरोध गरिनै रहने जनाएको छ। यस अवस्थामा एमालेको गुनासो सुनेर उसको मन जित्न सक्नुभयो भने मात्र प्रधानमन्त्रीले एमालेको सहयोग पाउन सक्नुहुन्छ। एउटा उपाय त गठबन्धन तोड्नु नै हो। यदि यो गर्न देउवा चाहनुहुन्न भने उहाँले अरू उपाय अवलम्बन गर्नुपर्ने हुन्छ। जसले गर्दा नेकपा (एमाले) सहयोग गर्न अगाडि आउन सकोस्। यसका लागि देउवाले राजनीतिक दलहरूसित निर्णायक छलफल चलाउनुभएको छ। आशा गरौँ, प्रधानमन्त्री देउवाको सक्रियताले लामो समयदेखि राजनीतिक उचारचढाव झेलेको एमसीसीले छिट्टै निकास पाउने छ।

# नेपाल सामरिक युद्धभूमि नबनोस्



• डा. श्रीराम न्यौपाने

नेपाली राजनीतिक वृत्तलाई अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) ले अत्यन्त तरलीकृत तुल्याएको छ। सरकार, सदन र सडक तातेका छन्। झिनो बहुमत बोकेको नेपाली काँग्रेस नेतृत्वको ५ दलीय गठबन्धन सरकारका दलहरूबीच पनि सहमति नहुँदा नेपाली काँग्रेस यसलाई जसरी पनि संसद्बाट पास गर्ने दौडमा लागेको छ। यिनै विरोधाभास र संघर्षहरूबीच यो सम्झौता संसदमा टेबुल पनि भएको छ। बहुसंख्यक नेपाली जनता यस सम्झौताका प्रावधानहरूलाई राष्ट्रहित विरोधी, असमान र संशयपूर्ण मानिरहेका छन्। नेपाली राष्ट्रियता, स्वाभिमान र संविधानको प्रतिकूल देखिएको यस सम्झौतालाई संसद्बाट पास गर्नुपर्दैन भन्ने उनीहरूको मनोभावना रहेको छ। पहिले नै सदनमा पेश गर्न खोजेको तर असफल भएको अहिलेको प्रतिपक्षी एमाले भने परियोजनाबारे रमिते बनिरहेको छ। सधैँ उखान टुक्कामार्फत हसाउँदै आएका ओली अहिले एससीसीको आगो सल्काएर गठबन्धन तोडिने तथा दलहरू र जनताबीच ध्रुवीकरण ल्याउन सफल भएकोमा बाल्कोटको बार्दलीबाट रमिता हेरिरहेका छन्। एमाले बाहेकका बामपन्थीमा पनि एउटा समूह संशोधनबाट पास गर्नुपर्ने पक्षमा छ भने केही बामपन्थीहरू यसलाई पूरै बहिष्कार गरिरहेका छन्। वास्तवमा यो सम्झौताभित्रको अन्तर्य के हो भन्ने तथ्यको खोजी नगरी पासफेलमा ध्रुवीकृत हुनु राष्ट्रका लागि गम्भीर कुरा हो। संयुक्त राज्य अमेरिकाको वर्तमान र भविष्यमा बन्ने कानुनको पूर्ण रूपमा पालना गर्नुपर्ने र अमेरिकी सुरक्षा नीतिसँग बाझिएमा नेपालको कानुन निष्क्रिय हुने विषयलाई नजरअन्दाज गर्नै मिल्दैन। त्यस्तै परियोजना सम्पन्न भएपछि उक्त बौद्धिक सम्पत्तिमाथि नेपालको अधिकार नहुने, परियोजनाले अधिग्रहण गरेको जमिनको लालपुर्जामाथि नेपालको अधिकार नरहने, नेपाल सरकारले गठन गरेको एमसीएलाई स्वायत्तता दिनुपर्ने एवं नेपाल सरकारको मातहतमा एमसीए होइन उसकै निर्णय नेपाल सरकारले मान्नुपर्ने, परियोजना सञ्चालनका क्रममा सामान खरिद, कर्मचारी नियुक्ति, बैङ्क खाता, कारोबार, कर भुक्तानी तथा लेखापरीक्षणमा नेपाल सरकारको संलग्नता नहुने, परियोजनामा आउने सरसामानमा भन्सार लगायतका कर छुट हुने, प्राविधिक, कर्मचारी, श्रमिक तथा अन्य व्यक्तिको छनोट नेपालले गर्न नपाउने, विद्युत् ट्रान्समिसन लाइन निर्माण, विस्तार तथा सडक मर्मतमा एमसीसीका अवधारणाअनुसार स्वतन्त्र र समानान्तर निकायहरू बन्ने, नेपालीको १३ करोड डलर लगानीप्रति नेपाल सरकारले कुनै प्रश्न उठाउन वा योजनामा भाग लिन वा नियन्त्रण गर्न नपाउने जस्ता प्रावधान संशोधनबिना पास गर्नु राष्ट्रघात हुने निश्चित छ। यो परियोजना नवऔपनिवेशिक, नवउदारवादी तथा साम्राज्यवादी हुनाले नेपालको संविधानले परिकल्पना गरेको समाजवादसँग यो पटक्कै मिल्दैन पनि।विश्लेषकहरू सुरुको सम्झौताभन्दा एमालेको सरकारको पालामा चीन र अमेरिकाबीच शीत युद्ध चर्कँदै जाँदा यसमा अमेरिकी स्वार्थका प्रावधानहरू थपिएको बताउँछन्। अनि केही तथ्यहरूले समेत यो नेपाली जनताको भन्दा पनि अमेरिकी स्वार्थमा आधारित छ भन्ने पुष्ट्याउँछ। किन अमेरिका यो सहयोग दिन आतुर छ? यस सम्झौतालाई किन संसद्बाट अनुमोदन गर्नुपर्ने हो? यसलाई अन्तर्राष्ट्रिय सम्झौता किन भनियो? नेपालका शिक्षा, स्वास्थ्य जस्ता प्राथमिकता छाडेर विद्युत् नै उसले किन रोज्यो? यो नेपालले मागेको हो वा माग्न लगाइएको हो? नेपालले थ्रेसहोल्ड आधा पनि पूरा नगर्दै यो परियोजना किन पायो? आयोजनाका सक्कल कागजातहरू उसलाई बुझाउनुपर्ने किन? यस्ता थुप्रै प्रश्न अनुत्तरित छन् र नेपालीका मस्तिष्कलाई घुमाइरहेका छन्। सन् २०१८ को डिसेम्बरमा तत्कालीन परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले कूटनीतिक मर्यादाविपरीत आईपीएसको सदस्य बन्ने सम्झौतामा हस्ताक्षर गरी पार्टी र जनतासँग झुट बोलेको तर आईपीएसको वार्षिक प्रतिवेदनको पृ.३८ ले सो पुष्टि गरेको विगत हाम्रो सामु छ। तत्कालीन विदेश सहायक मन्त्री एसिल वैल्स, रक्षा मन्त्री

> राष्ट्रिय स्रोतसम्बन्धी सम्झौता सदनमा पेस गर्ने प्रावधान संविधानमै नभएकाले टेबल गर्ने काम असंवैधानिक छ र पनि यो सदनमा पेस भएको र प्रक्रियामा अघि बढ्न लागेको हुँदा उपस्थितको बहुमत वा ध्वनिमत वा संसद्को बहुमतले मात्र पास गर्नु राष्ट्रघात हुनेछ।

डेभिड जे रान्ज, दूतावास अधिकारी कार्ल रोजोर्स आदिले आईपीएसको अङ्गका रूपमा यसको चर्चा गरेका छन्। यसरी परियोजना अघि बढ्दै गर्दा पछि स्थापना भएको आईपीएसमा अमेरिकाले एमसीसीलाई त्यसअन्तर्गत राखेको कुरा निकै शंकास्पद छ। ५ वर्षमा समाप्त हुने भनिए पनि बुँदा २.७, २.८, ३.२.(च) ३.७, ३.८, ५.२, ५.५, ६.४ का विभिन्न प्रयोजनमा यो परियोजना अल्झिएर पछिसम्म रहने उल्लेख छ। यी विषय अत्यन्त गम्भीर र दूरगामी असर पार्ने खालका हुनाले पनि सोचनीय बनेका छन्। अमेरिका यस सम्झौतालाई असंशोधनीय भन्दै नेपाललाई कूटनीतिक दबाब दिँदै आएको छ भने चीन लगायतका मित्रराष्ट्रहरू नेपालीलाई आत्मनिर्णयको अधिकार सुनिश्चित गर्नुपर्ने धारणा राख्दै आएका छन्। शक्ति राष्ट्रहरूका यी क्रिया प्रतिक्रियाले नेपाली भूमि कतै सामरिक युद्धभूमि बन्ने त होइन भन्ने भयले आज नेपालीलाई नराम्ररी पिरोलेको छ। यो पास भए नेपालीले स्वाधीनताका लागि विस्तारवादी नवपुँजीवादसँग कठिन संघर्ष गर्नुपर्ने र फेल गर्दा वैदेशिक सम्बन्ध बिग्रिएर नेपालीको समृद्धिको चाहना अधुरै रहने भन्ने अन्योलले आज स्वाभिमानी नेपाली विभाजित भएका छन्। राष्ट्रियताको सबालमा यस्तो जटिल परिस्थिति इतिहासमा कहिल्यै आएको थिएन भन्ने पनि छन्। तर हामी नेपाली आफ्नै विश्वासपात्र नेता र राष्ट्रवादी कर्मचारीको अकर्मण्यता, व्यक्तिगत स्वार्थ र असक्षमताको कोपभाजनमा परेका छौँ।आखिर हाम्रा राजनीतिक पार्टी र नेतृत्व यतिबेला किन यस्ता गैरजिम्मेवार, अदूरदर्शी, डरपोक अनि स्वार्थी देखिँदैछन्। यस्तो संवेदनशील कुरामा किन राष्ट्रिय सहमती जुट्दैन? राजनीति नै राज्य निर्माणको मूल नीति हो। नेपाली राजनीति प्रतिदिन अलोकप्रियताको खाडलमा खस्नु भनेको देशको दुर्भाग्य हो। यस्तो हुन नदिन सचेत नेपालीले गरेको अपिल, युवाको सडक विद्रोह, स्वाभिमानी राष्ट्रभक्तहरूको स्वतःस्फूर्त प्रदर्शन अनि जिम्मेवार नागरिकको विरोधलाई नजरअन्दाज गर्नु ठूलो भूल हुनेछ। यो सम्झैता जबरजस्त पारित गरिएमा जनविद्रोह थप बढ्ने निश्चित छ। आयोजनाका काम प्रभावित हुनेछन्। यही निहुँमा अमेरिका धमिलो पानीमा माछा मार्न अवश्य आउनेछ। सम्झौता धेरै गिजोलिएको र अन्तर्यका संशयपूर्ण कुरा बाहिर निस्किएकाले बरु यसलाई रद्द नै गर्नु बुद्धिमानी हुनेछ। यसले अमेरिका रुष्ट त होला र सम्बन्ध तोडेर नाकाबन्दीमा पुग्ला भन्ने आशंका गर्नु एक मिथ्या मात्र हो। यदि साँच्चै त्यसो भयो भने यसभित्र लुकेको ठूलो अमेरिकी स्वार्थको पर्दाफास हुनेछ। जे होस् यो सबाल जनप्रतिनिधिसमक्ष सदनमा आइपुगेको छ। राष्ट्र, राष्ट्रियता र स्वाभिमानको रक्षामा एकीकृत आवाज उठाउने बेला आएको छ। आफूलाई प्रगतिशील, राष्ट्रवादी, देशभक्त, बौद्धिक एवं सचेत वर्ग ठान्ने विधायकहरूको आफ्नो अग्निपरीक्षा सुरु भइसकेको छ। सत्तास्वार्थ वा व्यक्तिगत नाफाघाटामा नअल्झिएर जनताप्रतिको इमानदारिता देखाउने यस सङ्गीन घडीमा पनि जनप्रतिनिधि तथा जिम्मेवार वर्ग औँठाछाप वा लाटकोसेरो बनिदिए भने राष्ट्रले तिनलाई कहिल्यै क्षमा दिने छैन। सांसदहरूले संसद्बाट सिक्किमलाई भारतमा गाभेको इतिहास नजिकै छ। यदि त्यसो भए नेताको यस भुलको साँवाव्याज तिर्न हाम्रा सन्तान दरसन्तानले युगौँ युगसम्म सिरिया, लिबिया, अफगानिस्तान आदि देशले जस्तो नियति भोग्नुपर्नेछ।

तसर्थ सम्झौता पढ्दै नपढी वा विदेशी प्रभुलाई खुसी पार्न वा पार्टीगत स्वार्थमा लाग्न पटक्कै हुँदैन। राष्ट्रिय स्रोतसम्बन्धी सम्झौता सदनमा पेस गर्ने प्रावधान संविधानमै नभएकाले टेबल गर्ने काम असंवैधानिक छ र पनि यो सदनमा पेस भएको र प्रक्रियामा अघि बढ्न लागेको हुँदा उपस्थितको बहुमत वा ध्वनिमत वा संसद्को बहुमतले मात्र पास गर्नु राष्ट्रघात हुनेछ। यस्ता विवादित सम्झौता दुईतिहाइले पास गर्नुपर्छ। सार्वभौम, स्वतन्त्र, शान्त र कर्मठ नेपालीको सुन्दर देशलाई कुरूप बनाउन खोज्नु खेदजनक छ। हामी पञ्चशीलको सिद्धान्त बोकी असंलग्न परराष्ट्र नीति अवलम्बन गर्दै अघि बढ्ने र संयुक्त राष्ट्रसंघप्रति प्रतिबद्ध रहने मौलिक विशेषतायुक्त सार्वभौम राष्ट्रप्रति गर्व गर्छौं। सत्ताभन्दा स्वाभिमानी नेपालीको साथलाई बढी भरोसा गरौँ। एमसीसीलाई अस्वीकार गरौँ।

# रौनकता झापा गोल्डकपको



• दिपेन्द्र राउत

दाजु झापा गोल्डकपको सदस्य कसरी बन्न सकिन्छ भनेर सोध्ने साथीहरुको फेसबुकमा म्यासेज, मोवाइलमा फोन आउँदा म छक्कै परेँ । झापा जिल्ला देशमै प्रचलित र विकसित जिल्लामा पर्दछ भने झापालीहरु देशमा मात्र हैन विदेशमा पनि चर्चामा रहन्छन् । विश्मा सबैभन्दा लोकप्रिय खेल फुटबल पर्दछ । के बालक के युवा के वृद्ध सबैको रोजाई फुटबल हुने गर्दछ । विगत पाँच बर्षदेखि संचालनमा रहेको झापा गोल्डकप मोफसलको सबैभन्दा बढी चर्चित गोल्डकपमा पर्दछ । सचिवालयमा सदस्य बन्नेको उपस्थितिले पनि हामी आयोजकलाई हौसला मिलेको छ । २०७५ सालमा चौथो गोल्डकप गरिएको थियो भने दुई बर्ष कोरोनाको कारणले गर्दा गोल्डकप गर्न पाईएको थिएन । २०७८ साल फागुन २१ गते स्थापनाको पाँचौ बर्ष लाग्दैछ भने उहि दिनदेखि पाँचौ गोल्डकपको सुरुवातले रौनक अहिले झापामा मात्र हैन, देशभरिका फुटबल फ्यानका लागि प्रतिक्षाको घडी भएको छ । पहिलो गोल्डकपबाट नै झापा गोल्डकपको रौनकता छाएको थियो भने पाँचौ गोल्डकपसम्म आईपुग्दा चर्चा र रौनकता अत्यधिक भएको सदस्यता लिने उत्सुकताले पनि अनुमान गर्न सकिन्छ । फुटबल खेल्न जति रमाइलो हुन्छ , हेर्दा उत्ति नै मज्जा आउँछ ।

चोक-चोकको पसल ,चिया घुम्तीमा मानिसको गफ सुन्ने भने चुनाव लागेको आभास हुन्छ भने, नेताहरुलाई यो चुनावमा आफूले फेरि टिकट पाइने हो कि हैन भन्ने कुराले सताएको होला । सबैलाई आ-आफ्नो धुन छ । कोरोनाले थला पारेको आर्थिक क्षेत्रमा अव त कोरोना सकियो होला । पहिलाकै अवस्थामा व्यापार व्यवसाय होला भन्ने आशमा व्यापारीहरु यो तरलताको अभाव भएता पनि व्यवसायमा थप पुँजीको जोहो गर्दै होलान् । घरमा नै बसेर केटाकेटीलाई अनलाईन शिक्षा दिइरहँदा केटाकेटीहरुलाई मोवाइल , ल्यापटप,कम्प्युटरबाट शिक्षा दिँदा स्कुल नपठाउँदा पनि स्कुलको फि तिर्नु परेको पीडा । आजित भएका अभिभावकहरुलाई स्कुल खुल्ला हुँदा आफ्ना बालबालिकालाई स्कुल पठाउन पाउँदा केही हदसम्म भए पनि मोवाईलबाट टाढा बालबच्चा हुँदा राहतको सास फेरेको महसुस भएको होला । हरेक क्षेत्र कोरोनाले थलिएको अवस्थामा पाँचौ गोल्डकपले आम मानिसमा खुसी छाएको छ । दुख पछि सुख आउँछ भनेझैं कोरोनाको कहरपछि यो झापा गोल्डकपले आम मानिसको जीवनमा खुसी ल्याउने छ भन्ने आश गर्न सकिने छ ।

फुटबल खेल भनेको टिम वर्क हो । हरेक खेलाडीको आफ्नो आफ्नो जिम्मेवारी छ । हरेकले आ-आफ्नो जिम्मेवारीमा अव्वल छन् । व्यवसायीले गच्छे अनुसारको सहयोग गरेका छन् । युवाहरु स्वर्तस्फुर्त रुपमा स्वयंसेवी भएर खटेका छन् । पत्रकारको सहयोग उत्तिकै छ । दाता दानवीरको सहयोग बढ्दो छ । म त छुटे कि □ झापा गोल्डकपको सदस्य बन्न ? भन्ने भान युवा वर्गमा पर्न थालेको छ । मैले के सहयोग गर्नु पर्ने हो ? युवा वर्गको प्रश्न छ । युवा-युवामा भाइचाराको सम्बन्ध झापा गोल्डकपले बनाएको छ । सानो ठूलो धनी गरिव सबैको समानता यसमा देखिएको छ । उद्योगीहरुको उत्सुकता ,खेलप्रेमीको कौतुहलता झापा गोल्डकप हुँदै गएको छ । झापा गोल्डकपको रौनक अनेकतामा एकता भएको छ । कयौ गेट निर्माण भईरहेको छ । खेलाडीहरु प्रशिक्षणमा छन् । आयोजकको रौनकता हेर्दा खेलाडीहरुमा आत्मविश्वास बढ्दो छ । झापा गोल्डकपको खेलमैदान देखेर






खेल्दै समूहको प्रयासले टिमलाई जिताउन प्रयासरत रहन्छन् । अनुशासित भएर नियमभित्र रहेर खेल्नु पर्ने खेल हो फुटबल । खेल ९० मिनेटको भएता पनि यसबाट हामी मानिसहरुले व्यवहारिक जीवनमा धेरै सिक्न सक्छौ । जसरी खेलमा खेलाडीले टिमवर्क गरेर आफ्नो टिमलाई जिताउन प्रयासरत रहन्छन् , सोही अनुरुप आजको गोल्डकपको रौनक हेर्दा सबै साथीभाइहरु पाँचौ गोल्डकप सफल बनाउन आफ्नो आफ्नो क्षेत्रबाट आर्थिक रुपमा या सामाजिक रुपमा वा व्यक्तिगत रुपमा लागेको देख्दा बिर्तामोडबासीले गर्व गर्नु पर्छ । बिर्तामोडलाई सजाइदैछ भने डोमालाल रंगशालालाई भरिभराई गरिदैंछ । झापा गोल्डकपलाई सफल बनाउन राजनीतिक दलहरुले एकै ठाउँमा बसेर सहयोग गरिरहेका आम दर्शक लोभिने गर्दछन् । अन्तर्राष्ट्रिय स्तरको खेल मैदान आफ्नै गाउँ ठाउँमा देख्दा झापाबासी गौरवान्वित महसुस गर्दछन् । झापालीको एकता यो गोल्डकपमा देखिन्छ । बिर्तामोडबासीको साथ सहयोग झापा गोल्डकप सफलताको कडी मान्न सकिन्छ । आज कयौं देशको नाम हामीले खेलको माध्यमबाट सुन्ने गर्दछौ ।

खेल र खेलाडीले गर्दा देशको नाम उच्च बनेको कयौ देशहरु छन् । आज झापालीहरु अव्वल र उत्कृष्ट छन् भनिरहँदा हामीमा झापा गोल्डकपलाई सफल बनाउने जिम्मेवारी पनि छ , त्यसैले हामी सबै झापाली एकजुट बनौं । झापा गोल्डकपलाई स्वदेशमा मात्र हैन विदेश,अन्तर्राष्ट्रिय स्तरमा समेत चर्चित बनाऔं ।

# बिर्तामोडमा विभिन्न तालिम

*बिर्तामोड (प्रस) ।* बिर्तामोड नगरपालिका ८ हर्चनामा ढाका बुनाइ तालिम शुरु भएको छ । जेष्ठ नागरिक चौतारीको भवनमा बिर्तामोड नगरपालिकाको गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमअन्तर्गत आइतबारदेखि तालिम शुरु भएको हो । तालिमको नगरप्रमुख ध्रुवकुमार शिवाकोटीले उद्घाटन गरे । तालिममा २१ जना सहभागी छन् । ढाका कपडा बनाउनको लागि भूमि लिम्बूले प्रशिक्षण प्रदान गर्ने जनाइएको छ ।

उद्घाटन कार्यक्रममा नगरका वरिष्ठ योजना अधिकृत जय तिम्सिना,वडा सदस्य गंगा राजवंशी,समाजसेवी किरण तिम्सिनालगायतको उपस्थिति रहेको थियो । तालिम आगामी बैशाख १५ गतेसम्म सञ्चालन हुने छ । सो भवनमा यसअघिदेखि नै नगरपालिकाको आयोजनामै सिलाई कटाई तालिमसमेत सञ्चालन भईरहेको छ । तालिममा दुर्गा उप्रेतीले प्रशिक्षण प्रदान गर्दै आएकी छन् ।

त्यस्तै बिर्तामोड नगरपालिका वडा नम्बर ८ स्थित गरामनीमा अचार बनाउने तालिम समापन भएको छ । गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमअन्तर्गत फागुन ८ गतेदेखि शुरु भएको यस तालिममा १३ जनाले सहभागिता जनाएका थिए । कार्यक्रममा बोल्दै नगरप्रमुख शिवाकोटीले तालिममा सिकेको सीपलाई पेशा बनाउन आग्रह गरे । सामूहिकरुपमा अचार बनाउने उद्योग सञ्चालन गर्नु पर्नेमा जोड दिँदै उनले व्यावसायिक बन्नु पर्ने बताए । यस्तै उपप्रमुख पवित्रा महतारा प्रसाईले सबै महिलाहरु आत्मनिर्भर हुनु पर्ने बताइन् । चुला चौकाबाट बाहिर निस्केर महिलाहरुले व्यापार व्यवसायलगायत सामाजिक गतिविधिमा समेत सक्रिय रहन उनले सुझाव दिइन् । प्रशिक्षार्थीहरुलाई नगरप्रमुख शिवाकोटीले प्रमाणपत्र प्रदान गरेका थिए । अचार बनाउने तालिमका सहभागीलाई वेदनिधि चापागाई र मुना दाहालले प्रशिक्षण दिएका थिए ।

समापन कार्यक्रममा वडा नम्बर ९ की वडाध्यक्ष पवित्रा पाठक,वडा सदस्य दिपक भट्टराईलगायतको उपस्थिति रहेको थियो । नगरपालिकाले लघु उद्यम विकास कार्यक्रमअन्तर्गत विभिन्न प्रकारका तालिमहरु सञ्चालन गर्दै आएको कार्यक्रमकी सहजकर्ता चनिमाया तामाङले जानकारी दिइन् ।

# माओवादी केन्द्रले जागरण अभियान थाल्ने

*पथरीशनिश्चरे (प्रस) ।* नेकपा माओवादी केन्द्र पथरी शनिश्चरे नगर कमिटीको दोस्रो विस्तारित बैठकले विभिन्न महत्वपूर्ण निर्णय गरेको छ । माओवादी केन्द्रका नगर अध्यक्ष चेतन दाहालको अध्यक्षता सम्पन्न बैठकले विभिन्न निर्णय गरेको हो । पार्टी केन्द्रीय कमिटीको निर्देशनपत्र अनुसार सबै वडा कमिटीका बैठकहरु सञ्चालन गरी स्थानीय तह चुनावको तयारीमा लाग्ने समेत निर्णय गरेको छ । विस्तारित बैठकलाई सम्बोधन गर्दै माओवादी केन्द्रीय सदस्य गिता तिम्सिनाले सांगठनिक रुपमा बलियो भए मात्र चुनावमा राम्रो नतिजा प्राप्त हुने भन्दै जसको जे जिम्मेवारी छ, त्यो जिम्मेवारी पुरा गर्न आग्रह गरिन् ।



बैठकमा प्रदेश उपाध्यक्ष शिव डाँगीले अबको लडाइँ सामाजिक न्यायसहितको समाजवादका लागि भएको बताउँदै जुनसुकै अवस्थामा पनि पार्टीका उम्मेदवारलाई जिताउन आग्रह गरे । उपाध्यक्ष डाँगीले पुराना कमीकमजोरी र गुनासो थाती राखेर जोश जाँगरका साथ चुनावी अभियानमा लाग्न कार्यकर्तालाई निर्देशन दिए ।

बैठकका अर्का अतिथि पार्टी प्रदेश कमिटी सदस्य दिनानाथ तिम्सिनाले वडा पदाधिकारीको प्रत्यक्ष सम्पर्कमा रहि स्थानीय पार्टीको अवस्थाको अध्ययन अवलोकन, माओवादीसँग प्रतिस्पर्धामा रहन सक्ने राजनीतिक दलको अवस्थाको पहिचान गरी सशक्त रुपमा आफ्नो पार्टी संगठन विस्तारमा लाग्न कार्यकर्तालाई आग्रह गरे । उनले माओवादीविरुद्ध छरिएको भ्रमलाई चिर्न सबैलाई इमान्दारितापूर्वक लाग्न समेत अनुरोध गरे ।

बैठकमा १० नम्बर वडाबाट वडा पार्टी अध्यक्ष पदम गुरुङ ,९ नम्बर वडाबाट ईञ्चार्ज रामचन्द्र लिम्बू, ८ नम्बर ईञ्चार्ज धनबहादुर मगर, ७ नम्बर वडाबाट इञ्चार्ज ओमप्रकाश राईले रिपोर्टिङ गरेका थिए । यस्तै, ६ नम्बर वडाबाट इञ्चार्ज कमल कट्वाल, ५ नम्बर वडाबाट अध्यक्ष रिजमान अन्सारीले रिपोर्टिङ गरेका थिए । यसैगरी, ४ नम्बर वडाबाट सचिव रबिन मगर र ईञ्चार्ज ध्रुबकुमार बराईली, २ नम्बर वडाबाट ईञ्चार्ज थवराज आचार्य र १ नम्बर वडाबाट अध्यक्ष युवराज चम्लागाईले रिपोर्टिङ गरेका थिए ।

बैठकका अध्यक्ष नगर अध्यक्ष दाहालले केन्द्रको सर्कुलर पढेर सुनाएका थिए । कार्यक्रममा नगर सचिव मोहन लिम्बूले सञ्चालन तथा उपाध्यक्ष गोबिन्द कट्वालले स्वागत मन्तव्य गरेका थिए ।

# भुजेल समाज कतारको अध्यक्षमा युवराज

*दोहा (प्रस) ।* प्रवासी भुजेल समाज कतारको छैटौं अधिवेशन सम्पन्न भएको छ । गत शुक्रबार सम्पन्न अधिवेशनबाट सर्वसम्मतिले युवराज भुजेल अध्यक्षमा निर्वाचित भएका छन् ।त्यस्तै समाजको बरिष्ठ उपाध्यक्षमा प्रभात भुजेल, प्रथम उपाध्यक्ष शिवबाबु भुजेल, द्वितीय उपाध्यक्ष उमेश भुजेल, महासचिव दुर्गा भुजेल, सचिव छवि भुजेल, कोषाध्यक्ष सन्तोष भुजेल र सह-कोषाध्यक्षमा बालकुमार भुजेल रहेका छन् । त्यसैगरी सदस्यहरुमा चित्रबहादुर जि.सी.,रमेश भुजेल, गीता भुजेल,माया भुजेल, कुमारी भुजेल , रत्ना भुजेल, पुजा भुजेल, दिपक भुजेल,शितल भुजेल रहेका छन् । त्यस्तै प्रदेश नम्बर १ संयोजकमा अन्तर भुजेल,मधेस प्रदेश संयोजक सुजनमान भुजेल, गण्डकी प्रदेश संयोजक श्रीमान जि. सी.,बागमती प्रदेश संयोजक रोज भुजेल रहेका छ्न । 'भुजेल जातिको विकास र उन्नतिको




आधार, सांस्कृतिक चेतना शिक्षा र रोजगार' भन्ने नाराका साथ सन् २०१० मा कतारमा प्रवासी भुजेल समाज स्थापना गरिएको थियो । समाजका अध्यक्ष बिनोद भुजेलको सभापतित्व तथा नेपाल आदिवासी जनजाति महासंघ कतारका अध्यक्ष पुरुषोत्तम सुनुवारको प्रमुख आतिथ्यमा गोर्खा नेपाली रेस्टुरेन्टको सभाहलमा अधिवेशन आयोजना गरिएको थियो । कार्यक्रममा एनआरएनए कतार अध्यक्ष मोहम्मद मुक्तदा मुसलमान, मातृ संघसंस्थाका प्रतिनिधिलगायत दोहा कतारमा स्थापित विभिन्न संघसस्था प्रतिनिधि, बुद्धिजीबि, समाजसेवी, पत्रकार,भुजेल बन्धु र अन्यको उल्लेखनीय उपस्थिति रहेको थियो।

कार्यक्रमका वक्ताहरुले समाजको उत्तरोत्तर प्रगतिको कामनासहित नयाँ कार्यसमितिलाई बधाई दिएका थिए । प्रवासमा रहेर पनि भुजेल जातिको हकहितको निम्ति संस्थाले गरेको विभिन्न योगदानको प्रशंसा गरिएको थियो । कार्यक्रममा सांस्कृतिक प्रस्तुती दिने सपना संगीत परिवारका कलाकारहरु, डाँफे म्युजिक प्रा.लिका कलाकार हरु,समाजकै कलाकारहरु, संस्थाका मानार्थ सदस्यलगायतलाई कदरपत्र र प्रशंसापत्रले सम्मान गरिएको थियो । त्यस्तै पूर्व अध्यक्ष तथा प्रमुख सल्लाहकार मिलनकुमार भुजेललाई खादा ओढाई सम्मान गरिएको थियो । अध्यक्ष बिनोद भुजेलले समापन मन्तब्य राख्दै छैटौं अधिवेशनलाई सफल पार्न सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद दिएका थिए । कार्यक्रमको बारेमा समाजका प्रमुख सल्लाहकार मिलनकुमार भुजेलले प्रकाश पारेका थिए । महासचिव युवराज भुजेलले सहजीकरण गरेको कार्यक्रममा स्वागत मन्तव्य प्रथम उपाध्यक्ष प्रभात भुजेलले गरेका थिए ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY

वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल
भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१[illegible]

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## राशिफल



ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना,टिप्पन,वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्क:
९८१६९१७७८७/९८१७०८१९९०

**मेष** प्रेमी र प्रेमिकाका बिच खिन्नता बढ्नसक्छ । बोलीमा अङ्कुश लगाएकै बेस हुनेछ ।

**वृष** लगानीमा रहेको रकम फिर्ता आउनसक्छ । प्राविधिक विषयमा रूचि जाग्नेछ ।

**मिथुन** वित्तिय संस्थाबाट सहयोग पाइनेछ । सहयोगी हातहरू पनि अघि बढ्नेछन् ।

**कर्कट** पारिवारिक सदस्यबाट सहयोग मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण रहला ।

**सिंह** सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । सम्पत्ति हात पर्ने योग छ ।

**कन्या** मित्रवर्गबाट राम्रो सहयोग मिल्नेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ ।

**तुला** प्रसन्नतापूर्वक समय व्यतीत हुनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ ।

**वृश्चिक** आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ । नयाँ वस्त्र र अलङ्कार प्राप्ति हुनेछ ।

**धनु** आँटेको काममा ढिलासुस्ती हुनेछ । विलासिताका सामग्रीमा खर्च पनि बढ्नेछ

**मकर** नयाँ व्यक्तिसँग भेटघाट हुने समय छ । प्राविधिक क्षेत्रमा रूचि बढ्नेछ ।

**कुम्भ** काम गर्ने हौसला मिल्नेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ ।

**मिन** आँटेको र ताकेको कार्य पुरा हुनेछ । रमाइलो यात्राको योग रहेको छ ।